# मेरो भिमाद

## स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १-५) २०७८

तथा

(कक्षा ६-८) २०८२

भिमाद नगरपालिका तनहुँ
गण्डकी प्रदेश, नेपाल

# मेरो भिमाद

स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १-५) २०७८

तथा

(कक्षा ६-८) २०८२

भिमाद नगरपालिका तनहुँ

गण्डकी प्रदेश, नेपाल

**प्रकाशक**
भिमाद नगरपालिका
गण्डकी प्रदेश, नेपाल

**मेरो भिमाद स्थानीय पाठ्यक्रम (कक्षा १-५), २०७८**

संरक्षक : श्री मेखबहादुर थापा (नगर प्रमुख)
सल्लाहकार : श्री शारदा खनाल (नगर उपप्रमुख)
श्री थमनसिंह थापा (प्रमुख प्रशासकीय अधिकृत)
निर्माण कार्यदल : संयोजक श्री पदमराज आचार्य (उपसचिव)
सदस्य श्री खिमकान्त पराजुली
सदस्य श्री नारायणकैलास सिग्देल
सदस्य श्री केशवराज वाग्ले
सदस्य श्री विश्वराज गैह्रे
सदस्य श्री सुरज लम्साल
सदस्य श्री नारायण पौडेल
सदस्य श्री रामजी सिग्देल
सदस्य सचिव श्री टेकावती ढकाल

**मेरो भिमाद स्थानीय पाठ्यक्रम (कक्षा ६-८), २०८२**

संरक्षक : श्री दधिराज सुवेदी (नगर प्रमुख)
सल्लाहकार : श्री शारदा खनाल (नगर उपप्रमुख)
श्री शोभाखर पोखरेल (प्रमुख प्रशासकीय अधिकृत)
निर्माण कार्यदल : संयोजक श्री सन्दिप पौडेल (उपसचिव)
सदस्य श्री सुरज लम्साल
सदस्य श्री शारदा भण्डारी
सदस्य श्री सुनिता ढकाल
सदस्य सचिव श्री केशवराज वाग्ले

©सर्वाधिकारः भिमाद नगपालिका

प्रथम संस्करण : वि.सं. २०७८
दोस्रो संस्करण : वि. सं. २०८२
मुद्रण :

शैक्षिक प्रयोजन एवम् निःशुल्क वितरणका लागि बाहेक प्रकाशकको लिखित अनुमतिविना व्यापारिक उद्देश्यले यस सामग्रीको पूर्ण वा आंशिक रूपमा हुबहु तथा स्वरूप परिवर्तन गरेर छाप्न पाइने छैन ।

## प्रकाशकीय

समयको माग तथा परिवर्तित नीतिलाई अवलम्बन गरी भिमाद नगरपालिकाद्वारा आफ्नो नगरपालिकाका विद्यालयहरूको सहभागितामा मेरो भिमाद स्थानीय पाठ्यक्रम तयार गरिएको छ । स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन गरी नगरपालिकाका सम्पूर्ण विद्यालयहरूमा लागू गर्ने अभिप्रायले यो पाठ्यक्रम विकास गरिएको हो । भिमाद नगरपालिकाको पहिचान, भूगोल, पेसा, व्यवसाय, मूल्य, मान्यता, कला र संस्कृतिको पहिचान गरी तिनको संरक्षण र संवर्धन गर्ने कार्यलाई यसले सहयोग गर्ने अपेक्षा राखिएको छ । यो पाठ्यक्रमले भिमाद नगरपालिकाका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई भिमाद नगरपालिकाको परिचय, भौगोलिक स्वरूप, सामाजिक विविधता तथा सम्पदा, पर्यटन, पेसा व्यवसाय र आर्थिक क्रियाकलाप, जीवनोपयोगी सिप, खेलकुद तथा शारीरिक सुस्वास्थ्य, सूचना तथा सञ्चार प्रविधि, स्थानीय परम्परागत तथा आधुनिक प्रविधि, प्रकोप तथा विपद् व्यवस्थापन लगायतका विषयवस्तुहरूको अध्ययन तथा खोजी गर्न सहयोग पुग्ने विश्वास राखिएको छ ।

नेपालको संविधानको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थानुकूल विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्दछ । सोही अनुरूप कार्यान्वयन भएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयनका लागि भिमाद नगरपालिकाले आ.व. २०७८/०७९ मा आधारभूत तह (कक्षा १-५) को मेरो भिमाद स्थानीय पाठ्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोमा आ. व. २०८२/०८३ को नगर विकास योजनामा समावेश गरी आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम विकासलाई प्राथमिकतामा राखेको हो । सोही कार्यक्रमको कार्यान्वयनको रूपमा यो पाठ्यक्रम तयार पारिएको हो । यो पाठ्यक्रम कार्यान्वयनपश्चात् कक्षा १ देखि ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरूले भिमाद नगरपालिकाको भूगोल, विविधता, संस्कृति, पर्यटन, वातावरण लगायतका पक्षहरूको जानकारी लिई अन्य स्थानीय तह तथा छिमेकी जिल्लाहरूको आधारभूत ज्ञान हासिल गर्न सक्षम हुने छन् । आफ्नो मातृभूमिको बारेमा जानकारी लिई त्यसको विकास गर्ने भावना जगाउन यो पाठ्यक्रम सहयोगी हुने अपेक्षा राखिएको छ ।

मुलुकको सङ्घीय संरचनाअनुकूल शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्ने गरी परिमार्जन भएको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयनको रूपमा आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यघण्टा ५ तथा वार्षिक कार्यघण्टा १६० तथा आधारभूत शिक्षा (कक्षा ४-८) को पाठ्यघण्टा ४ तथा वार्षिक कार्यघण्टा १२८ लाई पूर्णता दिन यो पाठ्यक्रम उपयोगी हुने छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेको ढाँचामा स्थानीय पाठ्यक्रम

विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ तथा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका, २०७९ को मान्यतालाई अनुसरण गरी यो पाठ्यक्रम विकास गरिएको छ । यसको आवश्यकतानुसार परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य पनि नगरपालिकास्तरमा हुने छ । पाठ्यक्रमलाई सकेसम्म नगरपालिकाको आवश्यकतामा आधारित, बालकेन्द्रित र सबैको सहभागिता सुनिश्चित हुने गरी विकास गर्ने प्रयत्न गरिएको छ ।

पाठ्यक्रम विकास तथा परिमार्जन निरन्तर चलिरहने प्रक्रिया हो । भिमाद नगरपालिकाको नीति तथा कार्यक्रमको मर्मअनुरूप विकास गरिएको यो पाठ्यक्रम तत्कालको आवश्यकतालाई सम्बोधन गर्न सक्षम हुने अपेक्षा गरिएको छ । यद्यपि स्थानीय रूपमा विकास गरिएको यो पाठ्यक्रम भिमाद नगरपालिकाको पहलमा पहिलो पटक तयार भएको हुँदा पुनः सुधार तथा परिमार्जनको आवश्यकता रहन सक्छ । समयसापेक्ष माग र आवश्यकताको सम्बोधन हुने गरी यससँग सम्बन्धित सरोकारवालाहरूको सुझावका आधारमा संशोधन र परिवर्तन अवश्य हुँदै जाने छ । यो पाठ्यक्रम निर्माणको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षाप्रेमी, समाजसेवी, अभिभावक, शिक्षक, विद्यार्थीलगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछौँ ।

भिमाद नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
भिमाद, तनहुँ

# विषय सूची


| सि.नं. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | स्थानीय पाठ्यक्रमको औचित्य | ३ |
| ३ | विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य | ४ |
| ४ | आधारभूत शिक्षाको पाठ्यक्रम संरचना | ५ |
| | ४.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना | ५ |
| | ४.२ आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम संरचना | ५ |
| | ४.३ आधारभूत तह (कक्षा ४-५) को पाठ्यक्रम संरचना | ६ |
| | ४.४ आधारभूत तह (कक्षा ६-८) को पाठ्यक्रम संरचना | ७ |
| ५ | आधारभूत शिक्षाका सक्षमता | ७ |
| | ५.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता | ७ |
| | ५.२ आधारभूत शिक्षा (कक्षा १-३) का तहगत सक्षमता | ७ |
| | ५.३ आधारभूत शिक्षा (कक्षा ४-५) का तहगत सक्षमता | ८ |
| | ५.४ आधारभूत शिक्षा (कक्षा ६-८) का तहगत सक्षमता | ८ |
| ६ | आधारभूत तह (कक्षा १-५) तथा (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम | ९ |
| ६.१ | परिचय | ९ |
| ६.२ | पाठ्यक्रमको विषय क्षेत्र | १० |
| ६.३ | तहगत सक्षमता | १० |
| ६.४ | कक्षागत सिकाइ उपलब्धि | ११ |
| ६.५ | विषयवस्तुको क्षेत्र र क्रम | २६ |
| ६.६ | कक्षागत विषय विस्तृतीकरण | ३८ |
| ६.७ | विषयक्षेत्रअनुसार अनुमानित कार्यघण्टा | १३४ |
| ६.८ | शिक्षण सिकाइ योजना निर्माण | १३५ |
| ६.९ | सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया | १३६ |
| ६.१० | सिकाइ सहजीकरण प्रक्रियाका मार्गदर्शन | १३७ |
| ६.११ | सिकाइ सहजीकरण योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू | १३९ |
| ६.१२ | सिकाइ मूल्याङ्कन | १३९ |
| | ६.१२.१ सिकाइका लागि मूल्याङ्कन | १४० |
| | ६.१२.२ मूल्याङ्कनका विधि तथा प्रक्रिया | १४१ |
| | ६.१२.३ मूल्याङ्कनका तरिका र साधन | १४२ |
| | ६.१२.४ अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग | १४४ |
| | ६.१२.५ सिकाइका लागि माध्यम भाषाको छनोट | १४५ |
| ६.१३ | पाठ्यक्रम कार्यान्वयन योजना | १४७ |
| ६.१४ | समय निर्धारण | १४८ |
| ६.१५ | पाठ्यक्रम मूल्याङ्कन र सुधार | १४८ |

## १. परिचय

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकतासमेतको सापेक्षतामा गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक-फरक स्थानका फरक-फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपदर्छ । यसका लागि राष्ट्रियस्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने अवस्था सिर्जना हुन्छ। देश विकासका विभिन्न पक्षमा सबै नागरिकको स्वामित्व र सहभागिता आवश्यक हुन्छ। शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक छ ।यसका लागि स्थानीय सरोकारवालालाई संलग्न गराई सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गर्नुपर्दछ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार “स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।” त्यसै गरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाले स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाका रूपमा स्वीकारेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनसम्बन्धी स्रोत सामग्री, २०६८ अनुसार “स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।” उल्लिखित परिभाषालाई हेर्दा स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र आधारभूत तह (कक्षा १ देखि ३) को पाठ्यक्रम २०७६ मा उल्लेख भएअनुसार स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा/स्थानीय भाषा, संस्कृति तथा स्थानीय सिप मध्येबाट विषयवस्तु समावेश गर्न सकिने छ । स्थानीय पाठ्यक्रमले समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ, शिक्षक र विद्यार्थीबिच सम्बन्ध विकासमा सहयोग गर्छ र समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । त्यसै गरी यसले परम्परा, मूल्य र मान्यतालाई जगेर्ना गर्छ । नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोड्न सहयोग गर्छ र समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ ।

शैक्षिक विकेन्द्रीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने एउटा साधनका रूपमा पाठ्यक्रमको स्थानीयकरण प्रारम्भ भएको हो । नेपालको वर्तमान सङ्घीय संरचनाअन्तर्गत बनेका स्थानीय सरकारको कार्यस्वरूपले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको थप आधार तयार गरेको छ । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम पनि विकास गरिनुपर्छ भन्ने मान्यतालाई सैद्धान्तिक रूपमा स्वीकार गरी स्थानीय पाठ्यक्रमको आवश्यकता विकास भएको पाइन्छ । पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा महत्त्वपूर्ण निकाय भनेको विद्यालय र व्यक्ति भनेको शिक्षक हुने भएकाले शिक्षकले विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने मान्यताबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो ।

पाठ्यक्रम जसका लागि बनाइने हो तिनीहरूको संलग्नता पनि आवश्यक छ भन्ने अवधारणामा स्थानीय पाठ्यक्रमको आधारित रहेको छ । यस अर्थमा पाठ्यक्रम विद्यार्थीका लागि बनाइने भएकाले उनीहरूको सहभागिता जरुरी देखिन्छ । पाठ्यक्रमबाट उत्पादित जनशक्तिको असर तथा प्रभाव जसलाई पर्छ, पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा तिनीहरूको सहभागिता पनि आवश्यक छ भन्ने मान्यताअनुसार यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका पाठ्यक्रम विकास तथा कार्यान्वयनमा रहनुपर्छ भन्ने सैद्धान्तिक दृष्टिकोणबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको देखिन्छ ।

स्थानीय पाठ्यक्रमलाई स्थान विशेषमा आधारित पाठ्यक्रमका रूपमा पनि हेर्ने गरिन्छ । यसले विद्यालयको वरिपरि वा निश्चित स्थान वा क्षेत्र (जस्तैः गाउँ, वडा, गाउँ वा नगरपालिका) केन्द्रित भएर त्यहाँका विशेषता तथा आवश्यकतामा आधारित भई पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यस्तो पाठ्यक्रम निर्माण र कार्यान्वयन स्थानीय सहकार्य र सहभागितामा हुने गर्दछ । यसमा स्थानीय सन्दर्भ तथा साधनको प्रयोग गरेर सिकाइने र स्थानीय सरोकारवालाको सहकार्यमा पाठ्यक्रम निर्माण तथा सिकाइ क्रियाकलाप सञ्चालन गरिन्छ । यसमा पाठ्यक्रम तथा सिकाइ क्रियाकलाप स्थानीय बालबालिका र समुदायकै विशिष्ट आवश्यकतामा आधारित हुने गर्दछ । यसबाट **स्थानमा आधारित, स्थानका बारे, स्थानीयद्वारा र स्थानीयका लागि तयार गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो** भन्न सकिन्छ ।

स्थानीय पाठ्यक्रमलाई अलग्गै विषयका रूपमा मात्र नलिई कुनै ज्ञान, सिप, सक्षमता तथा अभिवृत्तिलाई विद्यार्थीको जीवन, कार्य वा पूर्व अनुभवसँग अन्तरसम्बन्धित गरेर अर्थपूर्ण र सान्दर्भिक बनाउने प्रक्रियाका रूपमा लिने दृष्टिकोण पनि रहेको छ । पाठ्यक्रमको यस्तो सान्दर्भिकताले अलग्गै विषयका रूपमा स्थानीय पाठ्यक्रम निर्माण गर्नेभन्दा पनि सिकाइ प्रक्रियामार्फत विभिन्न विषय वा विषयवस्तुलाई स्थानीय परिवेश, उदाहरण, अनुभवसँग एकाकार गर्नु भन्ने  बुझाउँछ । यसरी सान्दर्भीकृत पाठ्यक्रमका रूपमा स्थानीय पाठ्यक्रमलाई लिन सकिने देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पुरा नहुने हुँदा विविध क्षेत्रका आवश्यकता पुरा गर्ने सैद्धान्तिक अवधारणाको आधारमा पनि स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरी यसको प्रावधान राखिएको पाइन्छ । यसका लागि स्थानीय विषयवस्तु, स्थानीय स्रोत साधन, जनशक्ति आदिको उपयोग हुने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता ठानिएको छ । यसले सबै क्षेत्रको विकासका लागि स्थानीय स्तरमा क्षमता विकास गर्ने पक्षलाई समेत जोड दिन्छ । स्थानीय पाठ्यक्रमको प्रावधानले स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने मान्यता स्थापित गर्न खोजेको देखिन्छ ।

नेपालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को सिफारिस पश्चात प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले एक विषय ऐच्छिक भाषाको व्यवस्था गरेबाट स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका कार्य सुरु भएको पाइन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले प्राथमिक तहमा अनिवार्य रूपमा स्थानीय विषय/मातृभाषालाई ४ पाठ्यभार तथा १०० पूर्णाङ्क व्यवस्थाका साथै सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २० प्रतिशत स्थानीय पाठ्यक्रम अंशको व्यवस्था गऱ्यो । यसैगरी आधारभूत तह (कक्षा ६—८) को पाठ्यक्रम २०६९ एउटा विषय १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा वा संस्कृत वा अन्य पठनपाठन गराउनुपर्ने प्रावधान गऱ्यो । यो प्रावधानअनुसार स्थानीय विषयको मर्मअनुरुप हालसम्म पनि स्थानीय पाठ्यक्रमहरू बनेर प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेको देखिँदैन ।

नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा आधारभूत तहको विद्यमान पाठ्यक्रम संरचनामा आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी वार्षिक ५ पाठ्यघण्टा अर्थात १६० कार्यघन्टा कायम गरेको छ । यसै गरी आधारभूत तहकै कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु वार्षिक ४ पाठ्यघण्टा अर्थात १२८ कार्यघन्टा तोकिएको छ ।राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा आधारभूत तहको विद्यमान पाठ्यक्रमले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय तहलाई जिम्मेवारी प्रदान गरेको छ । सोहीअनुसार स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ लाई अनुसरण गरी यस भिमाद नगरपालिका अन्तर्गतका विद्यालयहरूमा आधारभूत तहमा कार्यान्वयन गर्नका लागि यो स्थानीय पाठ्यक्रम विकास गरिएको छ । यो पाठ्यक्रम विकासका क्रममा शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुखको संयोजकत्वमा कार्यदल गठन गरी नगर प्रमुखलगायत जनप्रतिनिधिहरू, शिक्षक, वि.व्य.स. लगायतका विभिन्न पक्षहरूसँग अन्तर्क्रिया गरी यसै क्षेत्रको प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक, सांस्कृतिक, धर्मिक तथा स्थानीय कला, ज्ञान, सिप, प्रविधि, आर्थिक र सामाजिक मूल्य मान्यता तथा स्थानीय उपचार तथा योग व्यायामको बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन वाञ्छनीय रहेको निष्कर्ष निकालिएको थियो । सोही विषयवस्तुमा आधारित रही आधारभूत तह (कक्षा१-५) को शैक्षिक सत्र २०७८ मा कक्षा १ देखि ३ सम्म, तत्पश्चात क्रमश ४ र ५ मा लागू गर्ने गरी यो पाठ्यक्रम तयार गरिएको थियो । त्यसैगरी शैक्षिक सत्र २०८२ मा एक विषयक्षेत्र (प्रकोप तथा विपद् व्यवस्थापन) थप गरी (कक्षा ६-८) को पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रममा स्थानीय पाठ्यक्रमका विषयक्षेत्र, सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, विषयवस्तुको विस्तृतीकरण, सिकाइ सहजीकरण योजना, सिकाइ सजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, पाठ्यक्रम कार्यान्वयन योजना तथा पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधारको प्रक्रिया समावेश गरिएको छ ।

## २. स्थानीय पाठ्यक्रमको औचित्य

स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको राष्ट्रिय उद्देश्य हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पुरा गर्न सम्भव नहुन सक्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औँल्याएका छन् । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरूले स्पष्ट गर्दछन् :

- ❖ पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु
- ❖ एक स्थान/ क्षेत्र/व्यक्तिको ज्ञानलाई अर्को स्थान/क्षेत्र/व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु
- ❖ स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु
- ❖ स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराइ त्यसअनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु
- ❖ स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सरोकारवालालाई जिम्मेवारी बोध गराउनु
- ❖ भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु
- ❖ स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुऱ्याउनु
- ❖ स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु
- ❖ स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु
- ❖ आधुनिक र बालमैत्री वातावरणमा सिकारुले व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु
- ❖ स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु
- ❖ विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु
- ❖ स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु
- ❖ परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुऱ्याउनु।

## ३. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्यमान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानवअधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यतानुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोगगर्नसक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएको तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु, भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा विशिष्टताहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्युनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## ४. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना

आधारभूत शिक्षाको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

### ४.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

**तालिका १ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना**

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घन्टामा) |
|---|---|---|---|
| १ | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २ | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।)

### ४.२ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना

**तालिका २ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र. स. | विषय | पाठ्यघन्टा | वार्षिक कार्यघन्टा |
|---|---|---|---|
| १ | भाषिक सीप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २ | भाषिक सीप विकाससम्बन्धी क्रियाकलाप (English) | ४ | १२८ |
| ३ | गणितीय सीप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | हाम्रो सेरोफेरो (विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप) | ८ | २५६ |

| क. स. | विषय | पाठ्यघन्टा | वार्षिक कार्यघन्टा |
|---|---|---|---|
| ५ | मातृभाषिक सीप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइएको छ ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिएको छ ।

३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिएको छ ।

४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री- विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने छ ।

५. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिएको छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिएको छ ।

### ४.३ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

**तालिका ३ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क स. | विषय | पाठ्यघन्टा | वार्षिक कार्यघन्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | English | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | **जम्मा** | ३२ | १०२४ |

### ४.४ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

**तालिका ४ : आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना**

| क स. | विषय | पाठ्यघन्टा | वार्षिक कार्यघन्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | English | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कलासहित) | ३ | ९६ |
| ७ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

## ५. आधारभूत शिक्षाका सक्षमता

### ५.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भईमानवीय मूल्य र मान्यताअनुकुल व्यवहार गर्न कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् ।विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरू निम्नबमोजिम हुने छन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग
५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft Skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

### ५.२. आधारभुत शिक्षा (कक्षा १-३) का तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा १—३) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सिप र जीवनोपयोगी सिपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु

हो । आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरू आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुने छन् । यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ ।आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास, आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
२. आधारभूत गणितीय धारणा र सिपको विकास र प्रयोग
३. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप तथा व्यवहारकुशल सिपको विकास
६. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

### ५.३ आधारभुत शिक्षा (कक्षा ४-५) का तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुने छन् :

१. देशप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास
२. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग
३. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग
४. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक मूल्य मान्यता एवम् चारित्रिक गुणको विकास
५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास
६. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skills) तथा व्यवहारकुशल सिप (Soft Skills) को विकास
७. कला तथा सौन्दर्यप्रति अभिरुचि, सिर्जनात्मक र समालोचनात्मक सिपको विकास ४६ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६
८. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास

### ५.४ आधारभूत शिक्षा (कक्षा ६-८) सक्षमताहरू

आधारभूत शिक्षा (कक्षा ६-८) का सक्षमता देहायबमोजिम हुने छन् :

१. देशप्रेम एवम् राष्ट्रिय एकताको भावनाको विकास
२. लोकतान्त्रिक मूल्य मान्यता र संस्कारको विकास र विविधताप्रति सम्मान
३. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
४. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
५. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप र अभिवृत्ति विकास र प्रयोग
६. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
७. नैतिकता, अनुशासन, सदाचार, स्वावलम्बन जस्ता सामाजिक र मानवमूल्य, मान्यता एवम् चारित्रिक र नागरिक गुणको विकास

८. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध एवम् व्यवस्थापनमा सहयोग
९. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life skills) विकास
१०. स्थानीय र आधुनिक पेसा, व्यवसाय र प्रविधि र श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग
११. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचत भई विविधता, सद्भाव र सहअस्तित्व बोध तथा स्वीकार
१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## ६. आधारभूत तह (कक्षा १-५) र (कक्षा ६-८) को स्थानीय पाठ्यक्रम

### ६.१ परिचय

स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय पाठ्यक्रमका मूलभूत पक्षहरू स्थानीय आवश्यकता, स्थानीय विज्ञता वा सहभागिता र स्थानीय विषयवस्तु रहेका हुन्छन् । नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने, सबै नागरिकको स्वामित्व र सहभागिता सुनिश्चित गर्न नसक्ने भएकाले विविधता अनुसारको शैक्षिक अवसर उपलब्ध गराई राष्ट्रिय पाठ्यक्रमले तोकेका लक्ष्यहरू प्राप्तिमा सहायक हुन्छ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक छ । यसका लागि स्थानीय सरोकारवालालाई संलग्न गराइ सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गर्नुपर्दछ ।

नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा आधारभूत तहको विद्यमान पाठ्यक्रम संरचनामा आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी वार्षिक ५ पाठ्यघण्टा अर्थात १६० कार्यघन्टा कायम गरेको छ । यसै गरी आधारभूत तहकै कक्षा ४—८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु वार्षिक ४ पाठ्यघण्टा अर्थात १२८ कार्यघन्टा तोकिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तथा आधारभूत तहको विद्यमान पाठ्यक्रमले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय तहलाई जिम्मेवारी प्रदान गरेको छ । सोही अनुसार स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ तथा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका, २०७९ लाई अनुसरण गरी भिमाद नगरपालिका अन्तर्गतका विद्यालयहरूम आधारभूत तहका कक्षाहरूमा कार्यान्वयन गर्नका लागि यो स्थानीय पाठ्यक्रम विकास गरिएको छ।यस पाठ्यक्रममा भिमाद नगरपालिकाको भौगोलिक, प्राकृतिक, पर्यटकीय तथा ऐतिहासिक, सांस्कृतिक, धार्मिक अवस्था, सामाजिक मूल्य मान्यता, जीवनोपयोगी सिप, पर्यटन, खेलकुद, स्थानीय पेसा तथा व्यावसाय जस्ता विषयहरूवस्तुहरू समावेश गरिएको छ। पाठ्यक्रम कार्यान्वयनका क्रममा आधारभूत तहको राष्ट्रिय पाठ्यक्रमसँग सम्बन्धित र समेट्न नसकेका विषयहरूलाई सँगसँगै सान्दर्भिक हुने गरी कार्यान्वयन गर्न आवश्यक देखिएको छ । यस पाठ्यक्रममा सिकाइ सामग्रीको प्रयोग, सिकाइ सहजीकरण विधि र मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन रणनीतिसमेत समावेश गरिएको छ।

### ६.२ पाठ्यक्रमको विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । यस पाठ्यक्रमले स्थानीय तहको विविध क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले नगरपालिकाभित्रका प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आर्थिक, पर्यटकीय, वातावरणीय क्षेत्रका साथै जीवनोपयोगी सिप, पेसा तथा व्यवसायसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरूमा विद्यार्थीहरूलाई परिचित गराउन यस पाठ्यक्रमले मुख्य रूपमा निम्न विषय क्षेत्रलाई समेटेको छः

(१) **पालिका परिचय :** स्थानीय तहको सामान्य परिचय, सिमाना, जनसङ्ख्या, संघसंस्थाहरू, वडा तथा नगरपालिकाले प्रदान गर्ने सेवाहरू ।

(२) **हाम्रो भौगोलिक स्वरूप र सम्पदा :** भौगोलिक अवस्था, प्राकृतिक स्रोत र सम्पदा, वन जङ्गल, नदी, ताल, कुवा, पानीका स्रोत ढुङ्गेधारा, डाडाकाडा, खानी र सम्पदाहरू (मठ, मन्दिर, चैत्य, विहार, गुम्बा आदि) ।

(३) **सामाजिक विविधता :** जातजाति, भाषाभाषी, रहनसहन, मूल्य मान्यता, जात्रा, पर्व, मेला, आनीबानी, भेषभुषा, गीत, सङ्गीत बाजागाजा आदि ।

(४) **पर्यटन :** पर्यटकीय स्थलको पहिचान, महत्त्व र संरक्षण

(५) **पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप :** फलफूल तथा तरकारी खेती, पशुपालन, पन्छी पालन, पेसा तथा व्यवसाय

(६) **जीवनोपयोगी सिप :** सरसफाइ, सामग्री प्रयोग, शिष्टाचार, मानव मूल्य, मान्यता आदि ।

(७) **खेलकुद र शारीरिक सुस्वास्थ्य :** योग तथा व्यायाम, स्वस्थ्य जीवनशैली, जडीबुटी ।

(८) **सूचना तथा सञ्चार प्रविधि :** सूचना प्रविधि, कम्प्युटर एवम् सामाजिक सञ्जालसम्बन्धी जानकारी र अभ्यास ।

(९) **स्थानीय परम्परागत तथा आधुनिक प्रविधि :** स्थानीय प्रविधि पहिचान, महत्त्व, संरक्षण र उपयोग ।

(१०) **प्रकोप तथा विपद् व्यवस्थापनः** विपद् पहिचान, विपद्का कारण, बच्ने उपाय, विपद्मा उद्धार ।

### ६.३ तहगत सक्षमता

स्थानीय पाठ्यक्रम (मेरो भिमाद) को अध्ययनबाट यस तहको अन्तमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमताहरू हासिल हुने छन् :

- भिमाद नगरपालिका र यसले प्रदान गर्ने सेवा सुविधासँग परिचित भई सकारात्मक धारणा विकास
- आफ्नो बसोबास गरेको ठाउँको सामान्य भू-वनोट, प्राकृतिक स्रोत तथा वातावरणको जानकारी लिई तिनको उपयोग र संरक्षणमा सहभागिता
- आफ्नो समुदायको सामाजिक, सांस्कृतिक गतिविधिहरूको पहिचान, सम्मान र सहभागिता
- स्थानीय मेला, महोत्सव, कला एवम् सीपसँग परिचित भई सम्मान र सहभागिता
- स्थानीय पेसा तथा व्यवसायको महत्त्वबोध गरी श्रमको सम्मान
- आधारभूत जीवनोपयोगी सिपहरूसँग परिचित भई दैनिक जीवनमा सो को प्रयोग
- स्वस्थ र सुरक्षित जीवनका लागि अवलम्वन गर्नुपर्ने न्युनतम आचरण प्रदर्शन
- विभिन्न जातजाति, भाषाभाषी, संस्कृति एवम् रहनसहनप्रति सम्मान र समभाव प्रदर्शन
- सूचना प्रविधिको महत्त्वमाथि परिचित भई दैनिक जीवनमा सोको प्रयोग
- विपद् पहिचान गर्ने तथा विपद्का अवस्थामा विपद्बाट बच्ने उपाय, विपद् व्यवस्थापनमा व्यक्ति, समुदाय तथा स्थानीय तहको भूमिका

## ६.४कक्षागत सिकाइ उपलब्धि

**तालिका ५: मेरो भिमाद विषयको कक्षागत सिकाइ उपलब्धि (कक्षा १ - ५)**

| क्रसं. | विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | पालिका परिचय | ❖ आफू बसेको ठाउँ, टोल वडा र नगरपालिकाको नाम बताउन | ❖ टोल र वडाको सामान्य परिचय सहित वडाको केन्द्र बताउन | ❖ नगरपालिकाको सामान्य परिचय बताउन<br>❖ वडा समितिको गठन प्रक्रिया बताउन<br>❖ वडाभित्रका शैक्षिक तथा अन्य सङ्घ संस्थाका नाम बताउन | ❖ वडा कार्यालयले प्रदान गर्ने सेवाहरू बताउन<br>❖ वडाभित्रका शैक्षिक तथा अन्य सङ्घ संस्थाका सामान्य परिचय र कार्यको जानकारी लिएर बताउन<br>❖ वडाको जनसङ्ख्या तथा घर धुरी सङ्ख्या बताउन<br>❖ नगर कार्यपालिकाको गठन प्रक्रिया र काम बताउन | ❖ भिमाद नामकरण कसरी रहन गयो बताउन<br>❖ नगर सभाको गठन प्रक्रिया र काम बताउन<br>❖ नगरपालिकाबाट प्रदान गरिने सेवाहरूसँग परिचित हुन<br>❖ नगरको जनसङ्ख्या तथा घर धुरी सङ्ख्या बताउन<br>❖ नगरभित्रका शैक्षिक तथा अन्य सङ्घ संस्थाका सामान्य परिचय दिन र तिनीहरूले गरेको योगदान बताउन |
| २ | हाम्रो भौगोलिक स्वरूप र सम्पदा | ❖ आफू बसेको ठाउँ वा टोलको भौगोलिक अवस्था बताउन<br>❖ आफ्नो टोलमा भएका धार्मिक मठ, मन्दिर, मस्जिद, | ❖ आफू बसेको वडाको भौगोलिक अवस्था बताउन<br>❖ आफ्नो वडाको खोला र नदीहरूको नाम बताउन<br>❖ वडाभित्र रहेका पाटी | ❖ नगरभित्रको भौगोलिक अवस्था बताउन<br>❖ वडाभित्र रहेका पाटी पौवा र चौतारी नाम बताउनुका साथै अवस्था र महत्त्व बताउन | ❖ भौगोलिक अवस्थाको संरक्षणका उपायहरू बताउन र संरक्षणमा भूमिका निभाउन<br>❖ नगरभित्रको जलस्रोतको अवस्था बताउन<br>❖ वडाभित्रका धार्मिक मठ, | ❖ भू-बनोटको अवस्था र संरक्षणमा व्यक्ति, समुदाय र वडाको भूमिका बताउन<br>❖ जलसम्पदा र वन पैदावारको प्रयोगको अवस्था पहिचान गर्न र संरक्षणमा विभिन्न पक्षको |

| क्रसं. | विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | गुम्बा, चैत्य, चर्चको नाम बताउन<br>❖ आफ्नो क्षेत्रमा पाइने बोट बिरुवाहरू, खोला र नदीहरूको नाम बताउन | पौवा र चौतारीको नाम बताउन<br>❖ आफ्नो टोल र वडामा भएका धार्मिक मठ, मन्दिर, मस्जिद, गुम्बा, चैत्य, चर्चको नाम बताउन<br>❖ वडामा लाग्ने जात्रा, मेलाहरूको नाम र लाग्ने समय बताउन | ❖ वडाभित्रका धार्मिक मठ, मन्दिर, मस्जिद, गुम्बा, चैत्य, चर्चको संरक्षणमा सहभागी हुन<br>❖ वडाभित्र रहेका बाटो घाटो र पलपुलेसाहरू नाम बताउन<br>❖ स्थानीय स्तरमा बजाइने बाजाहरूको नाम बताउन | मन्दिर, मस्जिद, गुम्बा, चैत्य, चर्च आदिको संरक्षणमा भूमिका निर्वाह गर्न<br>❖ नगरभित्रमा नाचिने नाचहरूको नाम बताउन र प्रदर्शन गर्न | भूमिका बताउन<br>❖ विद्यालयमा वृक्षरोपण एवम् फूलबारी निर्माण कार्यमा सहभागी हुन<br>❖ स्थानीय भाषा र पोशाकको सामान्य जानकारी लिई प्रयोग गर्न |
| ३ | **सामाजिक विविधता** | ❖ आफूले बोलिने भाषाको नाम बताउन<br>❖ आफूले मान्ने धर्मको नाम बताउन<br>❖ आफूले मान्ने मुख्य चाडपर्वहरूको नाम बताउन<br>❖ आफूलाई मन पर्ने चाडको नाम बताउन<br>❖ आफूले गर्ने असल र खराब आचरणहरू छुट्याउन | ❖ स्थानीय जातजाति, भाषा, धर्म आदिको नाम बताउन<br>❖ आफूले मनाउने चाडपर्वको नाम र ती चाडपर्वमा गरिने क्रियाकलाप बताउन<br>❖ असल आचरण र खराब आचरणको सूची तयार गर्न | ❖ वडाभित्र बोलिने भाषा, जातजाति र धर्मको नाम बताउन<br>❖ स्थानीय स्तरमा गरिने चाडपर्व, धार्मिक, सांस्कृतिक मेलाको सूची तयार गर्न<br>❖ स्थानीय भेषभूषासँग परिचित हुन<br>❖ असल आचरणका उदाहरणहरू बताउन<br>❖ आफ्नो परिवारको शैक्षिक अवस्था बताउन | ❖ नगरभित्र बोलिने भाषा, जातजाति र धर्मको अवस्था बताउन<br>❖ स्थानीय रहनसहनसँग परिचित भई सोप्रति सकारात्मक धारणा प्रकट गर्न<br>❖ स्थानीय चाडपर्व, धार्मिक, सांस्कृतिक मेला महोत्सवको महत्त्व बताउन<br>❖ स्थानीय भेषभूषाको प्रयोग र संरक्षणका उपाय बताउन | ❖ स्थानीय भाषाहरूमा प्रयोग गरिने मुख्य शब्दहरू परिचित हुन<br>❖ स्थानीय रहनसहन, भेषभूषा र चाडपर्वको महत्त्व बताउन र संरक्षणका उपाय बताउन<br>❖ स्थानीय धार्मिक, सांस्कृतिक मेला महोत्सवमा सहभागिता जनाउन<br>❖ असल आचरण प्रवर्धनको अभ्यास गर्न<br>❖ शिक्षाको महत्त्वसँग परिचित |

| क्रसं. | विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | | | | ❖ असल आचरणका फाइदाहरू लेखी प्रयोगमा ल्याउन<br>❖ आफू बस्ने समुदायको शैक्षिक अवस्था बताउन | भई आफ्नो भूमिका निर्वाह गर्न |
| ४ | पर्यटन | ❖ आफू बसेको वडाका पर्यटकीय स्थलहरूको नाम बताउन<br>❖ आफू घुमेका ठाउँको नाम बताउन | ❖ स्थानीय पर्यटकीय स्थलहरूको अवलोकन गरी सामान्य परिचय दिन<br>❖ आफू घुमेका ठाउँको बारेमा बताउन | ❖ स्थानीय स्तरमा पर्यटकीय गतिविधिहरू बताउन<br>❖ नगर भित्रका पर्यटकीय स्थलहरूको नाम बताउन | ❖ पर्यटनको परिचय, क्षेत्र तथा महत्त्व बताउन<br>❖ स्थानीय पर्यटकीय क्षेत्र र गतिविधिको संरक्षणका उपायहरू बताउन | ❖ नगरभित्रका पर्यटकीय क्षेत्रहरूको परिचय तथा महत्त्व बताउन<br>❖ पर्यटकीय क्षेत्रको विकास र संरक्षणमा व्यक्ति, समुदाय र स्थानीय सरकारको भूमिका उल्लेख गर्न |
| ५ | पेसा व्यवसाय र आर्थिक क्रियाकलाप — फलफूल तथा तरकारी खेती | ❖ आफ्नो टोल वा वडामा पाइने फलफूल तथा तरकारीको नाम बताउन<br>❖ हरिया तरकारी तथा फलफूल हेरी रङ तथा स्वाद पहिचान गरी बताउन | ❖ स्थानीय जातका फलफूल तथा तरकारीको पहिचान गर्न<br>❖ मौसम अनुसार गरिने फलफूल तथा तरकारीको नाम पहिचान गरी बताउन | ❖ व्यावसायिक फलफूल र तरकारी हुने स्थानको नाम बताउन<br>❖ अर्गानिक फलफूल तथा तरकारी खेतीको सामान्य परिचय बताउन | ❖ व्यावसायिक फलफूल र तरकारी खेतीको फाइदा बताउन<br>❖ फलफूल तथा तरकारी खेती गर्ने सामान्य तरिका अपनाएर खेती गर्न<br>❖ अर्गानिक फलफूल तथा तरकारीको फाइदा बताउन | ❖ स्थानीय स्तरमा खेती गरिने नयाँ फलफूल र तरकारीको परिचय बताउन<br>❖ व्यावसायिक फलफूल तथा तरकारी खेती गर्ने तरिका अपनाएर खेती गर्न<br>❖ फलफूल र तरकारीको बजार पहिचान गर्न |

| क्रसं. | विषय क्षेत्र | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| | | पशुपालन | ❖ घरपालुवा जनावरहरूको नाम पहिचान गर्न र बताउन<br>❖ घर पालुवा जनावरको आवाज नक्कल गर्न र आवाजअनुरूप जनावार पहिचान गर्न | ❖ आफूलाई मन पर्ने जनावरको नाम बताउन<br>❖ व्यवसायका लागि पालिने जनावरको नाम बताउन | ❖ घरपालुवा जनावरको आहारा तथा स्वभाव पहिचान गर्न र बताउन<br>❖ खोर तथा गोठको सरसफाइका तरिकाहरू अपनाउन र अरूलाई बताउन | ❖ घरपालुवा जनावरको छोटो वर्णन गरी बताउन<br>❖ पशुको हेरचाहका सामान्य तरिका र तिनीहरूवाट आफू सुरक्षित रहने तरिका अपनाउन र बताउन<br>❖ पशुपालनबाट प्राप्त हुने खानेकुराको सूची तयार पार्न | ❖ घरपालुवा तथा जङ्गली जनावरको भिन्नता बताउन<br>❖ पशुपालनमा सहभागी भै परिवारका सदस्यलाई सघाउन<br>❖ पशुपालनबाट हुने फाइदा बताउन |
| | | पन्छी पालन | ❖ वरपर पाइने घरपालुवा पन्छी पहिचान बताउन<br>❖ घरमा पालिने र जङ्गली पन्छी पहिचान गरी बताउन | ❖ घरपालुवा पन्छीहरूको नाम बताउन<br>❖ आफूलाई मन पर्ने पन्छीको नाम बताउन<br>❖ पन्छीको आवाज नक्कल गरी चिन्न | ❖ आफ्नो घरमा वा छिमेकमा पालिएका पन्छीको नाम बताउन<br>❖ घरपालुवा पन्छीको आहार तथा स्वभाव पहिचान गर्न<br>❖ पन्छी पालनका फाइदा बताउन | ❖ पन्छीपालनका फाइदाको सूची तयार गर्न<br>❖ व्यावसायिक रूपमा पालिने पन्छीको रङ्ग, आकार, तौलको आधारमा वर्णन गर्न<br>❖ पन्छी हेरचाहका सामान्य तरिका अपनाउन | ❖ पन्छीपालन गर्दा ध्यान दिनुपर्ने कुरा बताउन<br>❖ पन्छीपालनमा परिवारका सदस्यलाई सघाउन |
| | | **पेसा तथा व्यवसाय** | ❖ आफ्नो टोल, छिमेकमा गरिने व्यापारको नाम | ❖ आफ्नो टोल, छिमेकका पेसाको नाम | ❖ स्थानीय समुदायमा गरिने पेसाको सूची बताउन | ❖ पेसा र व्यवसायको सूची बताउन<br>❖ पेसा र व्यवसायबाट | ❖ परम्परागत र आधुनिक पेसा व्यवसाय छुट्याउन<br>❖ परम्परागत पेसा |

| क्रसं. | विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| | | बताउन | बताउन | | हुने फाइदा बताउन | व्यवसायमा सुधार ल्याउने उपाय बताउन |
| ६ | **जीवनोपयोगी सिप** | ❖ व्यक्तिगत सरसफाइको महत्त्व बताउ<br>❖ घरायसी सिप (झ्याल, ढोकाको प्रयोग) सिक्न<br>❖ आफ्नो पहिरन लगाउन<br>❖ शिष्टाचार, अभिवादन र आदर सत्कार गर्न | ❖ व्यक्तिगत सामग्री प्रयोग र जतन गर्न<br>❖ आफ्नो कोठा तथा कक्षाकोठाको सरसफाइ गर्न<br>❖ घरायसी सामग्रीको उचित प्रयोग र जतन गर्न<br>❖ सानालाई माया र मान्यजनप्रति आदर देखाउन<br>❖ असल खानपान छुट्याउन<br>❖ आमाबाबुलाई सघाउन | ❖ घर तथा विद्यालयमा अपनाइने सुरक्षा र सतर्कता अपनाउन<br>❖ मितव्ययिता अपनाउन र खेर जाने सामानको उचित प्रयोग गर्न<br>❖ सामूहिक भावना कायम राख्न र पारस्परिक सहयोग गर्न | ❖ लेनदेन कारोवारमा सहभागी बन्न<br>❖ खाद्य वा अखाद्य सामग्रीको पहिचान गरी प्रयोग गर्न (मिसावट)<br>❖ मानव मूल्य र मान्यता प्रदर्शन गर्न र बताउन (सत्य, धर्म, सद्व्वहार, प्रेम, शान्ति र अहिंसा) | ❖ पाक शिक्षा (खाजा तथा खाना तयारी जस्तै- दाल, भात, रोटी, चिया, कफी, सुप, अण्डा आदि) पदार्थ बनाउँदा प्रयोग हुने सामानहरूको अनुपातको जानकारी लिन र दिन<br>❖ मानव मूल्य र मान्यता प्रदर्शन गर्न र बताउन (सत्य, धर्म, सद्व्यवहार, प्रेम, शान्ति र अहिंसा,सादा जीवन उच्च विचार) |

| क्रसं. | विषय क्षेत्र | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| ७ | खेलकुद र शारीरिक सुस्वास्थ्य | योग तथा व्यायम | ❖ औंला हात खुट्टा र आँखाको कसरत गर्न<br>❖ सिद्धासन,अर्ध पद्मासन,पुतली आसनमा बस्न<br>❖ ओम उच्चारण र मुद्रामा ध्यान गर्न<br>❖ भस्त्रिका प्राणायाम गर्न | ❖ औंला हात खुट्टा कम्मर र आँखाको कसरत गर्न<br>❖ सिद्धासन, अर्ध पद्मासन, पुतली आसन, ध्रुवासन, वृक्षासनमा बस्न<br>❖ ओम उच्चारण र मुद्रामा ध्यान गर्न<br>❖ भस्त्रिका प्राणायाम गर्न | ❖ औंला हात खुट्टा कम्मर,पेट र आँखाको कसरत गर्न<br>❖ सिद्धासन, अर्ध पद्मासन, पुतली आसन, ध्रुवासन, वृक्षासनमा बस्न<br>❖ ओम मुद्रामा ध्यान गर्न<br>❖ अनुलोम विलोम गर्न<br>❖ श्वासन अभ्यास गर्न | ❖ काँध,गर्धन र ढाडको व्यायाम गर्न<br>❖ पद्मासन,बज्रासन, भुजङ्गासन, हाँस्यासन मा बस्न<br>❖ ओम उच्चारण र मुद्रामा ध्यान गर्न<br>❖ मुद्राःपद्म मुद्रा, ज्ञान मुद्रा राख्न<br>❖ प्राणायामःभ्रामरी, अनुलोम विलोम गर्न | ❖ काँध,गर्धन र ढाडको व्यायाम गर्न<br>❖ पद्मासन, अर्धचन्दासन, शशकासन, भुजङ्गासनमा बस्न<br>❖ ओम उच्चारण र मुद्रामा ध्यान गर्न<br>❖ मुद्राःपद्म मुद्रा, ज्ञान मुद्रा प्राणायामःभ्रामरी, अनुलोम विलोममा बस्न |

| क्रसं. | विषय क्षेत्र | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|---|
| | | स्वस्थ्य जीवनशैली र आहार | ❖ आफ्नो घरको भान्सामा दैनिक पाक्ने परिकार हरूको नाम बताउन<br>❖ विद्यालयमा खाने खाजा, तयारी खानाको नाम बताउन<br>❖ आफ्नो घर वरपर पाइने फलफूलको पहिचान गर्न<br>❖ आफ्नो घर वरपर पाइने सागसब्जीको पहिचान गर्न | ❖ आफ्नो घरको भान्सामा दैनिक पाक्ने परिकारको नाम र ती परिकार सुरक्षित राख्ने उपाय बताउन<br>❖ चाडपर्वमा बन्ने परिकारको नाम बताउन<br>❖ विद्यालयमा खाने खाजा सुरक्षित राख्ने तरिका बताउन<br>❖ आफूले खाने गरेका फलफूल, सागसब्जी र दुग्धजन्य पदार्थको नाम बताउन | ❖ आफ्नो घरको भान्सामा र चाडपर्वमा बन्ने परिकारको नाम भन्न<br>❖ विद्यालयमा खाइने स्वास्थ्यकर खाजाको नाम भन्न<br>❖ आफ्नो घर वरिपरि पाइने फलफूलहरू र सागसब्जीको नाम भन्न<br>❖ दुध तथा दुग्धजन्य पदार्थको उपयोगिता बताउन | ❖ भान्सामा परिकार बनाउँदा ध्यान दिनुपर्ने पक्षहरू बताउन<br>❖ चाडपर्व, भोजभतेरमा परिकार बनाउँदा ध्यान दिनुपर्ने पक्षहरू बताउन<br>❖ आफ्नो घर वरपर पाइने फलफूल र सागसब्जीको फाइदा बताउन<br>❖ दुध तथा दुग्धजन्य पदार्थप्रति सकारात्मक धारणाको विकास गराउन<br>❖ अस्वस्थकर खाना पहिचान गर्न | ❖ भान्सा, चाडपर्व र भोजभतेरमा परिकार बनाउँदा ध्यान दिनुपर्ने कुराहरू बताउन<br>❖ विद्यालयमा खाने स्वास्थ्यकर खाजा पहिचान गरी प्रयोग गर्न<br>❖ आफ्नो घर वरपर पाइने फलफूल र सागसब्जीबाट हुने फाइदाहरू पहिचान गरी संरक्षण गर्न<br>❖ दुध तथा दुग्धजन्य पदार्थको प्रयोग र संरक्षणका उपाय बताउन<br>❖ अस्वस्थकर खाना पहिचान गरी त्यसो हुनाका कारणहरू बताउन |
| | | जडिबुटी | ❖ आफ्नो घर तथा विद्यालय वरपर पाइने जडिबुटीको नाम बताउन | ❖ आफ्नो घर तथा विद्यालय वरिपरि पाइने जडिबुटीको पहिचान गर्न | ❖ आफ्नो घर तथा विद्यालय वरपर पाइने जडिबुटीको प्रयोग गर्न<br>❖ आफ्नो घर तथा विद्यालय वरपर पाइने जडिबुटीको फाइदा बताउन | ❖ आफ्नो घर वरिपरि पाइने जडिबुटीको प्रयोग र संरक्षण गर्न<br>❖ विरामी भएका समयमा जडिबुटीको प्रयोग गर्ने तरिका बताउन | ❖ आफ्नो घर वरिपरि पाइने जडिबुटीको प्रयोग र संरक्षण गर्न<br>❖ विरामी भएका समयमा जडिबुटीको प्रयोग गर्ने र संरक्षण गर्ने तरिका बताउन |

| क्रसं. | विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| ८ | **सूचना प्रविधि** | ❖ स्थानीय सूचनाको र सञ्चार प्रविधिको नाम बताउन<br>❖ कम्प्यूटर जन्य सामग्री हरूको पहिचान गर्न | ❖ स्थानीय सूचनाको स्रोत र सञ्चार प्रविधिको नाम बताउन र प्रयोग गर्न<br>❖ कम्प्यूटर जन्य सामग्री हरू(रेडियो, टेलिभिजन ,मोवाइल, कम्प्युटर)को प्रयोग गर्न | ❖ कम्प्यूटर जन्य सामग्रीहरूको प्रयोग र सूरक्षाका सामान्य उपाय बताउन<br>❖ कम्प्यूटरको सामान्य परिचय दिइ भागहरू बताउन | ❖ कम्प्युटररका प्रकार बताउन<br>❖ मोवाइल, कम्प्यूटरको मुख्य भागहरूको सामान्य परिचय दिन र सिकाइमा प्रयोग गर्न (टाइपशाला, पेन्टिङ, आदि) | ❖ सिकाइमा कम्प्यूटर/ मोवाइलको मुख्य भागहरूको सामान्य परिचय दिन र प्रयोग गर्न (टाइपशाला, पेन्टिङ, हार्डवेयर र सफ्टवेयर आदि)<br>❖ इन्टरनेटको परिचय दिन र सामान्य प्रयोग गर्न<br>❖ सामाजिक सञ्जालको सामान्य प्रयोग गर्न<br>❖ मोवाइलएप्सको सामान्यप्रयोग गर्न। |
| ९ | **स्थानीय प्रविधि** | ❖ आफ्ना वरपर पाइने साधन र प्रविधिको नाम बताउन | ❖ आफ्ना वरपर पाइने साधन र प्रविधिको काम बताउन | ❖ आफ्ना वरपर पाइने प्रविधिको सूची तयार पार्न<br>❖ आफ्ना वरपर पाइने साधनको महत्त्व बताउन | ❖ आफ्ना वरपर पाइने प्रविधिको महत्त्व बताउन<br>❖ आफ्ना वरपर पाइने साधनको फाइदा बताउन र लिन | ❖ आफ्ना वरपर पाइने प्रविधिको संरक्षणका उपाय बताउन<br>❖ आफ्ना वरपर पाइने साधनको प्रयोग गरी फाइदा लिन र संरक्षण गर्न |

## तालिका ६: मेरो भिमाद विषयको कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)

| क सं | विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | पालिका परिचय | ❖ भिमाद नगरका वडाको नक्सा बनाई सिमाना बताउन<br>❖ नगरपालिकाको भौगोलिक अवस्थितिसहित क्षेत्रफल तथा सिमाना पहिचान गर्न<br>❖ वडा कार्यालयका कार्यहरू बताउन<br>❖ नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा सुविधा पहिचान गर्न<br>❖ नगरभित्रका सेवा प्रदायक संस्थाबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरू बताउन<br>❖ नगरभित्रका मुख्य सडक तथा पदमार्ग पहिचान गर्न<br>❖ वडाध्यक्ष तथा नगर कार्यपालिका सदस्यको भूमिका बताउन<br>❖ न्यायिक समितिको परिचय दिई गठन प्रक्रिया बताउन<br>❖ वडा शिक्षा समितिको परिचय तथा गठन प्रक्रिया बताउन<br>❖ नागरिक बडापत्रको परिचय दिन<br>❖ नगरपालिकाभित्रका सङ्घ संस्थाहरू पहिचान गर्न<br>❖ आफ्नो वडाभित्रका टोल विकास | ❖ नगरपालिकाको नक्सा बनाई महत्त्वपूर्ण स्थान पहिचान गर्न<br>❖ नगर कार्यपालिकाको गठन प्रक्रिया तथा कार्यहरू बताउन<br>❖ नगरपालिकाको क्षेत्रफल जनसाङ्ख्यिक बनोट र वितरणको अवस्था बताउन<br>❖ नगर कार्यापलिकाको कार्यालयबाट प्राप्त हुने सेवा सुविधा र प्रशासनिक संरचनाको जानकारी लिन र दिन<br>❖ नगरभित्रका सडकहरूको वर्गीकरण गरी दुरी समेत बताउन<br>❖ नगरपालिका अन्तर्गतका शाखाबाट प्रवाह हुने सेवाहरू बताउन<br>❖ न्यायिक समितिका कार्यहरू उल्लेख गर्न<br>❖ वडा कार्यालयको नागरिक बडापत्र अध्ययन गरी सेवाबारे जानकारी लिन<br>❖ नगरपालिकाभित्रका सङ्घ संस्थाहरूको सामान्य परिचय सहित सूचीकृत गर्न<br>❖ वडा शिक्षा समितिका कार्यहरू बताउन<br>❖ टोल विकास संस्थाका कार्यहरूबारे जानकारी लिन र दिन<br>❖ भिमाद नगरपालिकाको राजनीतिक तथा | ❖ नगरपालिकाको नक्सा बनाउने विधिको उपयोग गरी महत्त्वपूर्ण स्थान पहिचान गर्न<br>❖ नगर सभाको गठन प्रक्रिया तथा कार्यहरू बताउन<br>❖ नगरपालिकाको क्षेत्रफल, जनसाङ्ख्यिक बनोट र अवस्थिति पहिचान गर्न<br>❖ नगर कार्यापलिकाको कार्यालयबाट प्राप्त हुने सेवा सुविधा र प्रशासनिक संरचनाको जानकारी लिन र दिन<br>❖ नगरभित्रका सडकको पहुँच तथा महत्त्व बताउन<br>❖ नगरपालिकाका विषयगत समिति र तिनका कार्यहरू पहिचान गरी जानकारी दिन<br>❖ न्याय सम्पादनमा न्यायिक समिति र न्यायिक सहजकर्ताको भूमिका बताउन<br>❖ नागरिक बडापत्र: नगर कार्यपालिकाको कार्यालयको बारेमा जानकारी लिन<br>❖ नगरपालिकाभित्रका सङ्घ संस्थाका कार्यहरू बताउन<br>❖ नगर शिक्षा समितिको गठन तथा कार्यहरू बताउन<br>❖ भिमाद नगरपालिकाको राजनीतिक तथा प्रशासनिक विकासक्रमबारे जानकारी दिन<br>❖ भिमाद नगरपालिकाका नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतका कार्यहरू बताउन<br>❖ नगरपालिकाको भौतिक तथा मानवीय विकासमा नगरपालिकाको योगदान बताउन |

| क सं | विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| | | संस्थाहरूको सामान्य परिचय बताउन<br>❖ नगरपालिकाभित्रका सार्वजनिक सम्पत्तिको सामान्य परिचय दिन | प्रशासनिक विकासक्रमको सामान्य परिचय दिन<br>❖ सार्वजनिक सम्पत्तिको महत्त्व उल्लेख गर्न | ❖ सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालयको परिचय तथा महत्त्व बताउन<br>❖ सार्वजनिक सम्पत्तिको सुरक्षामा व्यक्तिको भूमिका बताउन |
| | | प्रयोग गर्न<br>❖ डिजिटल साक्षरता र सुरक्षा (साइवर अपराध सामाजिक सञ्जाल) को उचित प्रयोगमा सचेतनासम्बन्धी कार्य गर्न<br>❖ फोटो/भिडियो सम्पादन गरी आफ्ना टोल छिमेकमा उत्पादित सामग्रीको प्रचारप्रसार गर्न<br>❖ एल्गोरिदमको प्रयोगमा सचेतता अपनाउन<br>❖ कृत्रिम बौद्धिकता(AI) को समुचित प्रयोग गर्न | प्रयोग<br>❖ डिजिटल साक्षरता र सुरक्षा (साइवर अपराध सामाजिक सञ्जाल) को उचित प्रयोग<br>❖ फोटो/भिडियो सम्पादन गरी आफ्ना टोल छिमेकमा उत्पादित सामग्रीको प्रचारप्रसार<br>❖ एल्गोरिदमको प्रयोगमा सचेतता<br>❖ कृत्रिम बौद्धिकता (AI) को समुचित प्रयोग | सीपसम्बन्धमा प्रयोगात्मक अभ्यास गराउने<br>❖ डिजिटल साक्षरता र सुरक्षाको महत्त्व बताउँदै साइवर अपराधको बारेमा छलफ गर्ने, सामाजिक सञ्जालले पार्ने सुरक्षा प्रभावको बारेमा सूची तयार पारी छलफल गर्ने, सामाजिक सञ्चालहरूको सूची बनाउन तथा तिनको उचित प्रयोग गर्नका लागि समूह कार्यमा छलफल गराउने<br>❖ कम्प्युटर तथा मोबाइलमा फोटो तथा भिडियो बनाउन, ती भिडियो सेभ गर्ने र पोष्ट गर्ने तरिका बारे विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्दै घरमा उत्पादित सामग्रीको प्रचारात्मक भिडियो तथा फोटाहरू निर्माण गरी सञ्जालमा प्रेषित गर्ने (प्रयोगात्मक अभ्यास)<br>❖ एल्गोरिदमको प्रक्रियाहरूका बारे छलफल तथा अन्तर्क्रिया गर्ने, यसका सकारात्मक फाइदा पहिचान गरी प्रयोगमा सचेतता अपनाउन लगाउने<br>❖ कृत्रिम बौद्धिकता (AI) को महत्त्वका बारेमा समूह समूहमा अन्तर्क्रिया गर्ने, gemini.google.com, chatgpt.com/ जस्ता टुलहरूको प्रयोगात्मक अभ्यास गराउने<br>***विधि :*** *प्रयोगात्मक कार्य, भूमिका निर्वाह, श्रव्यदृश्य सामग्री प्रदर्शन, अवलोकन, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, परियोजना, खोज आदि*<br>**परियोजना कार्य :** सुचना तथा सञ्चार प्रविधि विषयक्षेत्रमा आधारित शीर्षकमा परियोजना गराउनुहोस् । | | |

| क्र सं | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ९ | स्थानीय परम्परागत तथा आधुनिक प्रविधि | ❖ स्थानीय परम्परागत प्रविधिको प्रयोग र संरक्षण गर्न<br>❖ स्थानीय आधुनिक प्रविधिको प्रयोग र प्रवर्धन गर्न<br>❖ सिपमूलक प्रविधिको प्रयोग गरी साना उद्योग सञ्चालनमा सक्षमता विकास गर्न<br>❖ खाद्य प्रशोधन गरी व्यवसायीकरण गर्न | ❖ स्थानीय परम्परागत प्रविधिको प्रयोग र संरक्षण (आरन, भकारी, सुपो, कुचो, खुर्पेटो, छत्री, स्याखु, डोको, नाम्लो, मुडा डाला मान्द्रो पानी घट्ट, हलो जुवा कोदालो ठेकाभाँडा कोल माटाका भाँडा निर्माण माछा मार्ने जाल बल्छी ढडिया फुर्लुङ)<br>❖ स्थानीय आधुनिक प्रविधिको प्रयोग र प्रवर्धन (निबुवा पेल्ने मेसिन, मसलाजन्य पिस्ने मिक्सचर, धान कुट्ने साना/ठुला मिल लगायत आदि)<br>❖ सिपमूलक प्रविधिको प्रयोग गरी साना उद्योग सञ्चालन (बाँस, काठजन्य सामग्री)<br>❖ खाद्य प्रशोधन तथा व्यवसायीकरण (दही, घिउ, अचार, सुकुटी, | ❖ स्थानीय परम्परागत प्रविधिको सूची तथा चित्र तयार गरी प्रदर्शन गर्दै त्यसको प्रयोग र संरक्षणका बारेमा अन्तर्क्रिया गर्ने, विद्यार्थीहरूद्वारा निर्माण गर्न सकिने प्रविधिहरू निर्माण गरी प्रदर्शन गर्न लगाउने, प्रतियोगिता सञ्चालन गर्ने र अन्यमा<br>❖ स्थानीय आधुनिक प्रविधिको परिचय बताउँदै तिनको प्रवर्धनका उपायहरूबारे छलफल गर्ने ती प्रविधि अवलम्बन गरिएको स्थानमा स्थलगत भ्रमण गराउने<br>❖ साना उद्योग र सिपमूलक प्रविधिको महत्त्वका बारेमा सूची तयार गरी प्रस्तुत गर्न लगाउने ती उद्योग सञ्चालनका लागि आवश्यक पर्ने सक्षमताहरूको बुँदा सङ्कलन गरी छलफल तथा अन्तर्क्रिया गर्ने, स्थानीय क्षेत्रमा उद्योग सञ्चालन गरिरहेका उद्यमीहरूलाई स्रोत शिक्षकका रूपमा आमन्त्रण गरी अन्तर्क्रिया गर्ने गराउने<br>❖ खाद्य प्रशोधनको परिचय सहित कृषिजन्य खाद्य प्रशोधित वस्तुहरू (दही, घिउ, अचार, सुकुटी, गुन्द्रुक/सिन्की, मस्यौरा, तितौरा आदि) बनाउने तरिकाहरूको चरण तयार गरी छलफल गर्ने तिनको व्यावसायीकरणका लागि सामाजिक सञ्जालहरूमा प्रचारप्रसारका लागि फोटो भिडियो बनाई प्रदर्शन गर्ने **(प्रयोगात्मक अभ्यास)**<br>***विधि :*** *प्रयोगात्मक कार्य, भूमिका निर्वाह, श्रव्यदृश्य सामग्री प्रदर्शन, अवलोकन, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, परियोजना, खोज आदि* | ❖ मौखिक तथा लिखित प्रश्नोत्तर<br>❖ व्यवहार अवलोकन<br>❖ कक्षा सहभागिता तथा सक्रियता<br>❖ कक्षा कार्य<br>❖ गृहकार्य<br>❖ एकाइ परीक्षा (उपलब्धि परीक्षा)<br>❖ सहपाठी मूल्याङ्कन<br>❖ चेक लिस्ट<br>❖ पोर्टफोलियो | ७ |

| क्र सं | विषयक्षेत्र | सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | गुन्द्रुक/ सिन्की) | **परियोजना कार्य :** स्थानीय परम्परागत तथा आधुनिक प्रविधि विषयक्षेत्रमा आधारित शीर्षकमा परियोजना गराउनुहोस् । | | |
| १० | प्रकोप तथा विपद् व्यवस्थापन | ❖ प्रकोप तथा विपद्मा गर्नुपर्ने उद्धार कार्यहरू पहिचान गरी व्यवहारमा उतार्न<br>❖ प्राकृतिक तथा मानवसिर्जित प्रकोपका कारणहरू तथा न्यूनीकरणका उपायहरू बताउन<br>❖ भूकम्प, चट्याङ, करेन्ट र ग्यास, आगलागीबाट हुने सम्भावित घटनाबाट बच्ने उपायहरू बारे प्रचार प्रचार गर्न<br>❖ सर्पदंश, कुकुर बिरालो, अरिङ्गाल आदिको टोकाइबाट बच्नका लागि गरिने प्राथमिक उपचारका तरिका अवलम्बन गरी अरूलाईसमेत जानकारी दिन<br>❖ विपद् व्यवस्थापनका तरिकाहरू बताउन | ❖ प्रकोप तथा विपद्मा गर्नुपर्ने उद्धार कार्यहरू पहिचान तथा व्यावहारिक प्रयोग<br>❖ प्राकृतिक तथा मानवसिर्जित प्रकोपका कारणहरू तथा न्यूनीकरणका उपायहरू<br>❖ भूकम्प, चट्याङ, करेन्ट र ग्यास, आगलागीबाट हुने सम्भावित घटनाबाट बच्ने उपायहरू बारे प्रचार प्रचार<br>❖ सर्पदंश, कुकुर बिरालो, अरिङ्गाल आदिको टोकाइबाट बच्नका लागि गरिने प्राथमिक उपचारका तरिका अवलम्बन<br>❖ विपद् व्यवस्थापनका तरिकाहरू | ❖ प्रकोप तथा विपद्मा गर्नुपर्ने उद्धार कार्यहरूको सूची प्रदर्शन गरी छलफल तथा प्रश्नोत्तर गर्ने, ती प्रकोप तथा विपद् हुँदा गर्नुपर्ने उद्धारसम्बन्धी नमुना अभिनय गराउने (त्यससम्बन्धमा विज्ञता हासिल गरेका सुरक्षाकर्मी वा अन्य व्यक्तिलाई स्रोत शिक्षकका रूपमा आमन्त्रण गरी **प्रश्नोत्तर गर्ने (भिडियो प्रदर्शन)**<br>❖ प्राकृतिक तथा मानवसिर्जित प्रकोपहरूको वर्गीकरण गरी तिनीहरूको न्यूनीकरणका उपायहरूको सूची निर्माण गरी छलफल तथा प्रश्नोत्तर गर्ने<br>❖ भूकम्प, चट्याङ, करेन्ट र ग्यास, आगलागीबाट हुने सम्भावित घटनाको जोखिमबाट बच्ने उपायहरूका बुँदाहरू तयार गरी सामाजिक सञ्जालमा प्रेषित गर्ने तथा सचेतनासम्बन्धी भिडियोहरू शेयर गर्ने तरिकाको अभ्यास गर्ने<br>❖ सर्पदंश, कुकुर बिरालो, अरिङ्गाल आदिको टोकाइ हुँदा गरिने प्राथमिक उपचारका बुँदा तयार गरी प्रदर्शन तथा अन्तर्क्रिया गर्ने गराउने र स्वास्थ्यकर्मीको सहायतामा नमुना प्रदर्शन गर्ने<br>❖ सम्भावित विपद् पहिचानका बारे छलफल गरी विपद् व्यवस्थापनका तरिकाहरूको सूची प्रदर्शन गरी छलफल अन्तर्क्रिया गर्ने<br>***विधि :*** *प्रयोगात्मक कार्य, भूमिका निर्वाह, श्रव्यदृश्य सामग्री प्रदर्शन, अवलोकन, छलफल, प्रश्नोत्तर, क्षेत्र भ्रमण, परियोजना, खोज आदि* | ❖ मौखिक तथा लिखित प्रश्नोत्तर<br>❖ व्यवहार अवलोकन<br>❖ कक्षा सहभागिता तथा सक्रियता<br>❖ कक्षा कार्य<br>❖ गृहकार्य<br>❖ एकाइ परीक्षा (उपलब्धि परीक्षा)<br>❖ सहपाठी मूल्याङ्कन<br>❖ चेक लिस्ट<br>❖ पोर्टफोलियो | ८ |

## ६.७ विषयक्षेत्रअनुसार अनुमानित कार्यघण्टा

तालिका १० : **कक्षा १-५ को** विषयक्षेत्रअनुसार अनुमानित कार्यघन्टा (वार्षिक)

| सि.नं. | विषयक्षेत्र | वार्षिक कार्यघन्टा | |
|---|---|---|---|
| | | कक्षा १–३ | कक्षा ४–५ |
| १ | पालिका परिचय | १० | १० |
| २ | हाम्रो भौगोलिक स्वरूप र सम्पदा | १५ | १० |
| ३ | सामाजिक विविधता | १५ | १२ |
| ४ | पर्यटन | ८ | ६ |
| ५ | पेसा, व्यवसाय र आर्थिक क्रियाकलाप | | |
| (क) | फलफूल तथा तरकारी खेती | १० | ८ |
| (ख) | पशुपालन | १० | ७ |
| (ग) | पंक्षीपालन | १० | ७ |
| (घ) | पेसा तथा व्यवसाय | १० | ५ |
| ६ | जीवनोपयोगी सिप | १५ | १२ |
| ७ | खेलकुद र शारीरिक सुस्वास्थ्य | | |
| (क) | योग तथा व्यायाम | १५ | १२ |
| (ख) | स्वस्थ्य जीवनशैली र आहार | १२ | ९ |
| (ग) | जडीबुटी | ५ | ५ |
| ८ | सूचना तथा सञ्चार प्रविधि | १५ | २० |
| ९ | स्थानीय प्रविधि | १० | ५ |
| | | १६० | १२८ |

तालिका ११ : कक्षा ६-८ को विषयक्षेत्रअनुसार अनुमानित कार्यघन्टा (वार्षिक)

| सि. नं. | विषयक्षेत्र | वार्षिक कार्यघण्टा |
|---|---|---|
| | | कक्षा ६-८ |
| १ | पालिका परिचय | २० |
| २ | हाम्रो भौगोलिक स्वरूप र सम्पदा | ८ |
| ३ | सामाजिक विविधता | ८ |
| ४ | पर्यटन | ७ |
| ५ | पेसा व्यवसाय र आर्थिक क्रियाकलाप | १५ |
| ६ | जीवनोपयोगी सिप | १५ |
| ७ | खेलकुद तथा शारीरिक सुस्वास्थ्य | १५ |
| ८ | सूचना तथा सञ्चार प्रविधि | २५ |
| ९ | स्थानीय परम्परागत तथा आधुनिक प्रविधि | ७ |
| १० | प्रकोप तथा विपद् व्यवस्थापन | ८ |
| जम्मा | | १२८ |

### ६.८ शिक्षण सिकाइ योजना निर्माण

विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापको माध्यमबाट निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने सुनिश्चित गरी सिकाइ क्रियाकलाप छनोट र सञ्चालन गर्नुपर्दछ । सिकाइ सहजीकरण गर्दा राष्ट्रिय पाठ्यक्रमसँग मेल खाने विषयवस्तुहरूलाई अन्तरसम्बन्धित गराई सिकाइ सहजीकरण गराउनु बढी सान्दर्भिक हुन्छ । सिकाइको योजना निर्माण गर्दा शिक्षकले निम्नलिखित पक्षहरूलाई समेत ध्यान दिनुपर्छ :

१. सिकाइको योजना निर्माणका लागि स्थानीय पाठ्यक्रमका सक्षमताहरू र क्षेत्रगत सिकाइ उपलब्धिको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ ।
२. स्थानीय विषयको विषयक्षेत्रको विषयगत सीमा निर्धारण नगरी एउटै विषयवस्तुबाट सकेसम्म एकभन्दा बढी विषय अन्तरसम्बन्धित हुने गरी सिकाइको योजना निर्माण गर्नुपर्छ ।
३. सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ ।
४. छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापहरूले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ ।
५. सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सिपहरू, स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता अन्तरवैयक्तिक सिपहरू, सञ्चार, सहकार्य, सहानुभूति जस्ता वैयक्तिक

सिपहरू, विभिन्न किसिमका बहुसाक्षरता सिपहरू र नागरिक दायित्वसम्बन्धी विभिन्न किसिमका नागरिक सिप प्राप्तिलाई सहयोग गर्नुपर्छ ।

६. विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्छ ।

७. विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ । न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लो स्तरको सिकाइ गर्न सक्ने बनाउन सहयोग गर्नुपर्छ ।

८. यथाशक्य व्यावहारिक र वस्तुपरक सिकाइ सहजीकरणको प्रबन्ध गर्नुपर्दछ ।

९. कक्षामा प्रयोग गरिने भाषा वा अन्य कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ ।

१०. सिकाइ सहजीकरणका क्रियाकलाप सञ्चालन गर्न योजना निर्माणसँगै विद्यार्थीहरूलाई छिटो धारणा बसाल्न सक्ने किसिमका ठोस सामग्रीहरूको निर्माण तथा सङ्कलन एवम् परियोजना कार्य सञ्चालनको व्यवस्था मिलाउनुपर्छ ।

### ६.९ सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुसरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने खालको हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइसहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

पाठ्यक्रमको कार्यान्वयनका लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता

दिनुपर्दछ । विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

सिकारुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हासिल गर्नुपर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखी एकीकृत सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने हुन्छ ।

### ६.१० सिकाइ सहजीकरण प्रक्रियाका मार्गदर्शन

आधारभूत तहको स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छः

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्दछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्दछ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्ने छ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ ।
- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक–समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।
- शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ ।
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सिप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ ।
- एकीकृत पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गतिबमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ ।

विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारुअनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध आधारभूत तह उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार भिन्न भिन्न ढङ्गले व्यवस्थापन गर्न सकिन्छ । सिकाइ प्रक्रियामा एकातिर आधुनिक शैक्षणिक प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ भने अर्कातर्फ विद्यार्थीअनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय परिवेशअनुकूलका विधि तथा प्रविधिको प्रयोग पनि आवश्यक हुन्छ । त्यस्तै स्थानीय वातावरण, विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकताले पनि सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने गर्दछ ।

शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

**६.११ सिकाइ सहजीकरण योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू**

स्थानीय विषयका पाठ्यक्रम स्थानीय आवश्यकता अनुसार स्थानीय स्तरमै निर्माण तथा कार्यान्वयन गरिएको विषयको प्रकृति अनुरूप सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

स्थानीय पाठ्यक्रमले अपेक्षा गरेका सिप, ज्ञान तथा अनुभवहरू सिकाउन सिकाइ योजना बनाउँदा निम्नलिखित तथ्यलाई ध्यान दिनु पर्दछ ।

१. समग्र पाठ्यक्रमको अध्ययन गरी अन्तरसम्बन्धित विषयक्षेत्र पहिचान गर्नुपर्दछ ।

२. कक्षा १–३ सम्मका विद्यार्थीहरूका हकमा सम्भव भएसम्म स्थानीय विषयवस्तुलाई अन्य विषयसँग अन्तरसम्बन्धित हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । जस्तैः स्थानीय अभिवादनका शैली अभ्यास गराउदा मेरो नेपाली तथा मेरो सेरोफेरो पुस्तकमा दिइएका विषयवस्तुलाई आधार वनाउन सकिन्छ । त्यस्तै आफू वस्ने स्थान तथा पर्यटकीय स्थान विषेशलाई वर्णन गर्न दायाँवायाँ नजिक टाढा दिशा जनाउने शब्दको प्रयोग गर्न सकिन्छ ।

३. प्रभावकारी सिकाइ प्रत्यक्ष अनुभवबाट हुने हुँदा सिकाइ क्रियाकलाप निर्माण गर्दा यथासम्भव ज्ञानेन्द्रिय (Sensory Organs) प्रयोग हुने गरी गर्नुपर्दछ ।

४. सिकाइ क्रियाकलापमा बालबालिकाको रूचिअनुसारका खेल तथा रचनात्मक कार्य समावेशगरी अधिक सहभागिताको सुनिश्चतता गरिनुपर्दछ ।

५. बालबालिकाको रुचि, उमेर, भाषा, व्यक्तिगत वा पारिवारिक पृष्ठभूमि समेत ख्याल गरी आवश्यकता अनुसार वैयक्तिक सिकाइ क्रियाकलाप पनि सञ्चालन गर्नुपर्दछ ।

६. स्थानीय विषयको पाठ्यक्रमले अपेक्षागरेका सिप तथा ज्ञानसँग सम्बन्धित सिकाइ उपलब्धिहरू हासिल गराउन पाठ्यपुस्तक उपलब्ध नहुँदाको अवस्थामा पनि स्थानीय रूपमा सामग्री बनाउने, संकलन गर्ने वा अन्य वैकल्पिक व्यवस्थापन गर्नुपर्दछ ।स्थानीय पाठ्यक्रमको मिल्दो विषयवस्तु भएमा केन्द्रिकृत पाठ्यसामग्री पनि प्रयोगमा ल्यउन सकिन्छ ।

**६.१२ सिकाइ मूल्याङ्कन**

आधारभूत तहमा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा सिकाइ मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ ।

यस पाठ्यक्रममा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधनसमेत समावेश गरिएको छ ।

### ६.१२.१ सिकाइका लागि मूल्याङ्कन

कक्षाकोठामा गरिने मूल्याङ्कनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनि गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नुपर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नुपर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

सिकाइ मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट

विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

### ६.१२.२ मूल्याङ्कनका विधि तथा प्रक्रिया

निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । सिकाइ मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

सिकाइ मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छः

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको

सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।
९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।
१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

### ६.१२.३ मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

सिकाइ मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के

कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ । विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन्:

**तालिका नं. १२ विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क्र.सं. | मूल्याङ्कन तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | अवलोकन | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई सुरूका कक्षाहरूमा निम्नअनुसार रेटिङ गर्नुपर्दछ:

**तालिका नं. १३ विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी

गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइउपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चितता गर्न, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइको योजना निर्माणका लागि गरिन्छ ।

### ६.१२.४ अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
- दृष्टिविहीनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तैः विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिन्छ ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।

- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- बौद्धिक अपाङ्गता भएका सिकारूहरूका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

### ६.१२.५ सिकाइका लागि माध्यम भाषाको छनोट

नेपालमा बहुसांस्कृतिक र बहुभाषिक समुदायको बसोवास रहेकाले यहाँ विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । नेपालका प्रायजसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयहरूमा समेत विभिन्न भाषिक तथा सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू हुन सक्दछन् । नेपालमा धेरै प्रकारका भाषा बोलिने भएकाले धेरै जसो विद्यालयहरूमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था रहेको छ ।

विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुने छ । दोस्रो वा तेस्रो भाषामा शिक्षणसिकाइ सुरु गर्दा भाषा नबुझ्नाले बालबालिकाहरू विद्यालय तथा कक्षाकोठामा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्दछन् । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सिप उनीहरूले सहज रूपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा निरसता सिर्जना भई कक्षा छाड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः नियमित रूपमा विद्यालयमा पठाउन नसक्ने समस्या सिर्जना हुन जान्छ । बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्न सकिएमा शिक्षण प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जानुका साथै अन्य भाषाको सिकाइमा पनि मातृभाषा सिकाइको सकारात्मक प्रभाव पर्ने कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन् । यसरी प्रारम्भिक तहका विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा सिकाइ सहज हुनाका साथै पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित (दोस्रो वा तेस्रो) भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिँदैन । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तरक्रिया हुन गई सिकाइ सजिलो र छिटो हुनाका साथै अन्य भाषाको सिकाइमा पनि पहिलो भाषाको सिप सङ्क्रमण सहज हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घरपरिवार तथा समुदायमा बोलिने भाषाबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न र द्वि वा बहुभाषी विद्यार्थी भएका कक्षामा सिकाइ सहजीकरणका लागि द्वि वा बहुभाषाको प्रयोग हुन सक्ने वातावरण तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुने छ । समग्रमा प्रारम्भिक तहमा पढाइ र सिकाइको विकासका लागि माध्यम भाषाको निर्धारण निम्नानुसारका प्रचलित सिद्धान्तहरूका आधारमा गर्नुपर्दछः

- पढाइ सिप विकास, विषयवस्तु बोध र पठन प्रवाह विकासका लागि बालबालिकाको पहिलो भाषा/मातृभाषामा सिकाइ सहजीकरण सम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा सिकाइ सजिलो र छिटो हुन्छ । बालबालिकालाई उनीहरूको मातृभाषामा साक्षरता सिकाउनु सबैभन्दा उपयुक्त हुन्छ । मातृभाषा बालबालिकाले राम्ररी बुझ्छन् र उपयुक्त गतिमा बोल्न सक्छन् । बालबालिकाले भाषा राम्ररी नबुझेसम्म अर्थपूर्ण सिकाइ सम्भव हुँदैन ।
- भाषिक सिपका आधारभूत पक्षहरूको विकास अपरिचित भाषाबाट असजिलो र कठिन हुन्छ । बुझाइमा आधारभूत ज्ञान नभएसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम बनाउनु उपयुक्त मानिँदैन । बालबालिकालाई अपरिचित भाषामा सिक्न बाध्य पारियो भने उसले एकातिर नयाँ भाषा सिक्नुपर्ने र

सँगसँगै अपरिचित भाषाका माध्यमबाट सिक्ने प्रयास गर्नुपर्ने दोहोरो मार खेप्नुपर्ने हुन्छ । अतः बालबालिकालाई पूर्ण रूपले अपरिचित भाषा सिक्न दबाब दिइयो भने बुझाइमा कठिनाइ भई सिकाइबाट अलग हुन जाने अवस्था पनि आउँछ । यसो गर्नु भनेको बालबालिकालाई सिकाइको अवसरबाट वञ्चित गर्नुसरह हुन्छ ।

- पहिलो भाषामा सिकेका सिप अन्य भाषामा स्थानान्तरण गर्न सजिलो हुन्छ । एउटा भाषामा सिकेका साक्षरताका सिपलाई उपयुक्त समयमा अर्को भाषामा सहजै स्थानान्तरण गर्न सकिन्छ ।
- भयरहित तथा बालमैत्री वातावरणमा सिकाउन सकियो भने बालबालिकाले पहिलो तथा दोस्रो कक्षामै दुई वा बढी भाषा बोल्न र बुझ्न सक्छन् । आवश्यक भएमा आधारभूत तहको शिक्षाको पहिलो पाँच वर्षभित्र बिस्तारै पहिलोबाट दोस्रो भाषा क्रमागत रूपले सङ्क्रमण गराउनु प्रभावकारी हुन्छ भने आवश्यकतानुसार माथिल्ला कक्षाहरूमा तेस्रो भाषामा सङ्क्रमण गराउन सकिन्छ ।
- कम्तीमा बालबालिकालाई ५ वर्षदेखि ८ वर्षको उमेरसम्म मातृभाषाको माध्यमबाट शिक्षा दिनु उपयुक्त मानिन्छ । प्राथमिक शिक्षाका पछिल्ला तहमा क्रमशः मातृभाषाबाट स्थानीय वा नेपाली भाषालाई माध्यम भाषा बनाउन सकिने हुन्छ । तेस्रो भाषा अङ्ग्रेजीलाई सामान्यतया आधारभूत तहमा माध्यम भाषाका रूपमा प्रयोग गर्नु विषयवस्तु सिकाइ र भाषा सिकाइ दुवै दृष्टिले उपयुक्त नहुने भएकाले मातृभाषा, स्थानीय वा नेपाली भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गर्न सकिने छ । यस तहमा आवश्यकताअनुसार पहिलो भाषाबाट दोस्रो र माथिल्ला कक्षाहरूमा दोस्रो भाषाबाट तेस्रोमा सङ्क्रमण गराउन सकिने छ । यसो गर्नाले विषयवस्तु सिकाइका साथै दोस्रो र तेस्रो भाषाको सिकाइ पनि सहज हुने छ ।

उल्लिखित सन्दर्भसमेतका आधारमा विद्यालयतहको पठनपाठनको माध्यम चयन गर्नुपर्ने हुन्छ । स्थानीय पाठ्यक्रम (कक्षा १–८) को पाठ्यक्रम २०७८ को प्रभावकारी कार्यान्वयनका लागि पाठ्यसामग्री र पठनपाठनका लागि माध्यम भाषाको व्यवस्था निम्नअनुसार हुने छः

- विद्यालय शिक्षाअन्तर्गत आधारभूत तह कक्षा १–५ मा भाषा विषयबाहेक अन्यमा पाठ्यसामग्री तथा सिकाइ सहजीकरण प्रक्रियाका लागि माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुने छ । तर कक्षा १–३ मा गणित विषयका लागि र कक्षा ४–५ मा गणित र विज्ञान तथा प्रविधि विषयका लागि भने अङ्ग्रेजीलाई माध्यम भाषा बनाउन पनि सकिने छ । बहुमातृभाषी विद्यार्थीहरू समावेश भएका कक्षामा पाठ्यसामग्री जुन भाषामा भए पनि बहुभाषी शिक्षक उपलब्ध भएसम्म कक्षाकोठाको शिक्षण सिकाइमा बहुभाषा प्रयोग गर्नु उपयुक्त हुने छ ।
- आधारभूत तहको कक्षा ६–८ पनि मातृभाषा, स्थानीय वा नेपाली भाषालाई माध्यम भाषा बनाउन प्रोत्साहित गरिने भए पनि गणित र विज्ञान तथा प्रविधि विषयका लागि अङ्ग्रेजीलाई माध्यम भाषा बनाउन पनि सकिने छ ।
- माध्यमिक तहमा भने नेपाली वा अङ्ग्रेजी माध्यम भाषा हुन सक्ने छ तर सामाजिक अध्ययन र मानव मूल्य/चारित्रिक शिक्षा जस्ता विषयहरूलगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुहरूको पठनपाठनका लागि पाठ्यसामग्री र माध्यम नेपाली भाषा हुने छ ।
- प्रारम्भिक बालशिक्षाका लागि भने कक्षाकोठामा मातृभाषा वा नेपाली भाषा नै प्रयोग गर्नुपर्ने छ भने बहुमातृभाषी विद्यार्थीहरू समावेश भएको अवस्थामा बहुभाषा प्रयोग गरी बालबालिकालाई क्रियाकलापमा सरिक गराउनु उपयुक्त हुने छ ।

- विद्यालय तहको पठनपाठनका लागि सम्भव भएसम्म उल्लिखित माध्यम भाषामै लेखिएका पाठ्यसामग्री प्रयोग गर्नुपर्दछ ।
- विद्यालय तहमा भाषा विषयको पाठ्यसामग्री र पठनपाठन सामान्यतया सम्बन्धित भाषामा नै हुने छ ।
- संस्कृत तथा परम्परागत शिक्षातर्फका शास्त्रीय विषयहरूको पाठ्यसामग्री र पठनपाठनको माध्यम सम्बन्धित भाषा हुन सक्ने छ । धार्मिक प्रकृतिका विषयहरूको पठनपाठन सम्बन्धित धार्मिक ग्रन्थ लेखिएको भाषामा नै गर्न सकिने छ ।

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नानुसार प्रस्तुत गर्नुपर्ने छ :
लेटर ग्रेडिङ पद्धति, २०७८ ले विद्यालय तहका पाठ्यक्रममा स्तरीकृत अङ्क र अक्षरमा उपलब्धि स्तर निर्धारण गर्न निम्नानुसार तालिका उल्लेख गरेको छ ।

**तालिका १५ : स्तरीकृत अङ्क र अक्षरमा उपलब्धि स्तर**

| क्र. सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि र ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि र ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि र ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि र ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि र ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Non Graded) |

### ६.१३ पाठ्यक्रम कार्यान्वयन योजना

पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गतिशील प्रक्रिया भएकाले यसको निर्माण र कार्यान्वयन अन्तरसम्बन्धित चक्रका रूपमा रहने गर्दछ । पाठ्यक्रमका सन्दर्भहरूको विश्लेषण गरी अवधारणा विकास, पाठ्यक्रमको मस्यौदा तयार, विभिन्न सरोकारवालाहरूसँग छलफलबाट राय तथा सुझाव प्राप्त गरी प्राप्त सुझावहरू समेतलाई उपयुक्तताका आधारमा समावेश गरी यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।
राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेअनुसारको आधारभूत तहको पाठ्यक्रम संरचनामा आधारित भई यो पाठ्यक्रम तयार गरिएको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय, शिक्षक तथा विद्यार्थीका लागि आवश्यक पर्ने सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीहरू विकास गर्न तथा शिक्षकको क्षमता विकास गर्नु अपरिहार्य छ । त्यसै गरी पाठ्यक्रमद्वारा अपेक्षित सक्षमता हासिल गराउनका लागि शिक्षण सिकाइ विधि तथा प्रक्रियालाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाइनु आवश्यक छ भने विद्यार्थीको मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइका रूपमा र सिकाइका लागि उपयोग गर्नुपर्ने हुन्छ ।
विद्यालय तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले दिएको पाठ्यक्रम संरचना तथा आधारअनुसार निर्माण गरिएको (कक्षा १-५ तथा ६-८) को स्थानीय पाठ्यक्रम कार्यान्यिनको तालिका यहाँ प्रस्तुत गरिएको छ ।

तालिका १५ : पाठ्यक्रम कार्यान्वयन तालिका (कक्षा १-५ तथा ६-८)

| कक्षा | शैक्षिक वर्ष तथा कार्यान्वयन वर्ष | | |
|---|---|---|---|
| | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०८२ | शैक्षिक वर्ष २०८३ |
| १ | कार्यान्वयन | | |
| २ | कार्यान्वयन | | |
| ३ | कार्यान्वयन | | |
| ४ | कार्यान्वयन | | |
| ५ | कार्यान्वयन | | |
| ६ | | निर्माण | कार्यान्वयन |
| ७ | | निर्माण | कार्यान्वयन |
| ८ | | निर्माण | कार्यान्वयन |

उपर्युक्त तालिकाअनुसार नगरपालिकाले पाठ्यक्रम तथा पाठ्यक्रमसँग सम्बन्धित सामग्रीको विकास तथा प्रबोधीकरण, पाठ्यक्रम सुधार गर्ने भए पनि पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अन्य तयारी तथा कार्यहरू पनि आवश्यक छन् । खास गरी शिक्षक तयारी र विकास, शिक्षण सिकाइका लागि विद्यालय तथा कक्षाकोठाको सिकाइ वातावरण सुधार र पाठ्यक्रम कार्यान्वयनका लागि सहायता पद्धतिको विकास आवश्यक हुन्छ । यसका लागि आवश्यक स्रोतहरूको व्यवस्थापन, जनशक्तिको व्यवस्था, शिक्षक तयारी र विकास, शिक्षकका लागि आवश्यक उत्प्रेरणा तथा उत्तरदायित्व पद्धतिको विकास आवश्यक छ । यसप्रकार पाठ्यक्रम कार्यान्यिन योजना तर्जुमा तथा कार्यान्वयन गर्दा विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दुमा राखिनुपर्दछ ।

## ६.१४ समय निर्धारण

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार एक शैक्षिक सत्रमा कम्तीमा २०५ दिन विद्यालयमा पठनपाठन हुनुपर्नेछ । आधारभूत तह (कक्षा १-३) वार्षिक न्यूनतम २६ पाठ्यघण्टा (८३२ कार्यघन्टा) र कक्षा (कक्षा ४-५) वार्षिक न्यूनतम ३२ पाठ्यघण्टा (१०२४ कार्यघन्टा) पठनपाठन हुनुपर्ने छ । उल्लेखित समयमध्ये स्थानीय पाठ्यक्रमका लागि आधारभूत तह (कक्षा १-३) वार्षिक न्यूनतम ५ पाठ्यघण्टा (१६० कार्यघन्टा) र कक्षा (कक्षा ४-८) वार्षिक न्यूनतम ४ पाठ्यघण्टा (१२८ कार्यघन्टा) पठनपाठन हुने छ । पाठ्यांश अनुसार विद्यार्थीहरूलाई अध्ययन, अवलोकन भ्रमण तथा प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

## ६.१५पाठ्यक्रम मूल्याङ्कन र सुधार

पाठ्यक्रम एक गतिशील प्रक्रिया हो । विकास गरिएको कुनै पनि पाठ्यक्रमको कार्यान्वन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन गर्ने कार्य निरन्तर हुने गर्दछ । कुनै पनि पाठ्यक्रमको विकास निश्चित मूल्य तथा मान्यतामा आधारित भई पाठ्यक्रमका वर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोहीअनुरूप गरिएको हुन्छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वाभाविक रूपमा पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन् ।

पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार निरन्तर प्रक्रिया हो । यस पाठ्यक्रमलाई वार्षिक रूपमा अद्यावधिक तथा पुनरावलोकन गरिने छ भने आवश्यकता अनुसार पाठ्यक्रममा परिवर्तन गरिने छ ।

**प्रकाशक**

**भिमाद नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
वेवसाइट : https://bhimadmun.gov.np
इमेल : bhimadmunicipality@gmail.com
edubhimad@gmail.com